भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशन मिति- २०८०।०७।२० गते)

भरतपुर महानगरपालिकाको लागि नगर प्रहरी कर्मचारी करारमा भर्ना गर्न मिति २०८०।०६।३० गते दोस्रो पटक प्रकाशित १५(पन्ध्र) दिने सूचना बमोजिम दरखास्त आह्वान गरिएकोमा तपसिलको पदमा तोकिएको मितिमा दरखास्त पर्न नआएको हुँदा भरतपुर महानगरपालिका नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८०( प्रथम संशोधन २०८०) बमोजिम पुनः यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तसहितको विस्तृत विवरण कार्यालयबाट वा महानगरपालिकाको वेभसाईट www.bharatpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

| क.सं. | विज्ञापन नं | पद | किसिम | पदसंख्या |
|---|---|---|---|---|
| १ | १/०८०/०८१ | नगर प्रहरी नायब उपरीक्षक | खुला | १ |

योग्यताः

१. नेपाली नागरिक।
२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।
३. उमेर ४० बर्ष पुरा भई ५५ बर्ष ननाघेको ।
४. नेपाल प्रहरीको प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथि, नेपाली सेनाको सेनानी वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको वा नेपाल प्रहरीको प्रहरी निरीक्षक पदमा १० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको ।
५. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छातीः ३१-३३ इन्च, तौलः ५२ के.जी. र महिलाको हकमा उचाईः ५ फिट, तौलः ५० के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको
६. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।
७. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।
८. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

***नोटः नगर प्रहरी सेवाको पदमा पाँच वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको र तोकिएको शैक्षिक योग्यता भएको नगर प्रहरी कर्मचारी एक तह माथिको पदमा उम्मेदवार हुन पाउनेछ ।***

**९. दरखास्तमा संलग्न गर्नुपर्नेः** यस कार्यालयको प्रशासन तथा जनशक्ति विकास शाखा वा कार्यालयको वेभसाइटबाट फाराम प्राप्त गरिसकेपछि उम्मेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ । पूर्व नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त फारामसंगै संलग्न राखी प्रशासन तथा जनशक्ति विकास शाखामा पेस गर्नु पर्नेछ ।

Scanned with CamScanner

१०. परीक्षाको किसिमः शारीरिक तथा स्वास्थ्य परीक्षण र अन्तरवार्ता ।

५. परीक्षा केन्द्रः महानगरपालिकाले तोके बमोजिम हुने ।

६. परीक्षाको मितिः परीक्षाको मिति पछि प्रकाशित गरिनेछ ।

७. परीक्षा दस्तुरः रु. १२००।–

८. फाराम बुझाउने अन्तिम मितिः २०८० मंसिर ४ गतेसम्म ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner